☎९८६५६४२३६५ (नगर प्रमुख)
☎९८४८६४४७९१(नगरउपप्रमुख)
☎९८५२०२१४०३ (नि. प्र प्र अ)

# त्रिवेणी नगरपालिका
## Triveni Municipality
# नगरकार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive

तोली, बाजुरा (सु.प. प्रदेश, नेपाल)
Toli, Bajura (Sudurpashim Province,Nepal)

### करार कर्मचारी पदपुर्ति सम्वन्धि सूचना
### (प्रथम पटक प्रकाशीत मिति २०७९/८/२९)

यस कार्यालयको लागी देहायका पदमा करार जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकाले निम्न वमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको शुल्क तिरेको रसित सहित दर्खास्त दिनहुन सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

| सि नं | विज्ञापन नं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२- २०७९/०८० | पशु चिकित्सक | अधिकृत स्तर छैटौं | १ (एक) | |
| २ | ०३- २०७९/०८० | कृषि स्नातक | अधिकृत स्तर छैटौं | १ (एक) | |

**आवश्यक न्यूनतम योग्यता र अनुभव:**

१. **पशु चिकित्सकको हकमा** – पशुपन्छी विज्ञान तर्फ मान्यता प्राप्त विश्वविध्यालय वा शिक्षण संस्थावाट पशु चिकित्सा विज्ञानमा B. Vsc. & A.H./B. V. Sc. वा सो सरहको स्नातक तह उतिर्ण, नेपाल चिकित्सा परिषदमा दर्तावाल पशु चिकित्सक हुनुपर्नेछ।

२. **कृषि स्नातकको हकमा** – कृषि विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट कृषि विज्ञान स्नातक तह उत्तिर्ण भएको हुनुपर्नेछ।

३. **दर्खास्त दिने उमेर-** दर्खास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

४. **दरखास्त दिने अन्तिम मिति** – २०७९/०९/१४

५. **आवेदन दस्तुर:** रु १०००।– (एक हजार रुपैयाँ मात्र)

६. **दरखास्त दिने स्थान:** त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तोली, वाजुरा ।

७. **लिखित परिक्षाको पाठ्यक्रम:** लोकसेवा आयोगद्धारा निर्धारित पाठ्यक्रम वमोजिम हुनेछ।

८. **आवेदनमा संलग्न आवश्यक कागजातहरु:-**

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

(ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीत प्रतिलिपी।

(ग) चारित्रिक प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी।

(घ) सम्वन्धित पदको अनुभव भए सो को प्रमाणीत प्रतिलिपी ।

(ङ) परिषदमा दर्ता प्रमाण को प्रमाणीत प्रतिलिपी।

(च) २ प्रति पासपोट साईजको फोटो ।

९. **छनौटको किसिम:-** लिखित परिक्षा र अन्तरवार्ता। (दरखास्तको म्याद सकिए पश्चाता तोकिने)

१०. सेवा सुविधा – कृषि अधिकृत छैटौंका लागी स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ को दफा ८ र प्रचलित कानून वमोजिम हुनेछ।

११. कार्य विवरण र आवेदन फारम – नगरपालिकाको वेवसाईट www.trivenimunbajura.gov.np मा उपलब्ध छ।

नि.प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची – ४**
**करारको लागी आवेदन फारम**
**(दफा ६ (२) संग सम्वन्धित)**

(१) वैयक्तिक विवरण:

नाम थर (देवनागरीमा): -

(अंग्रेजी ठूलो अक्षरमा) :-

नागरिकता नं. जारी जिल्ला: जारी मिति:

स्थायी ठेगाना:

क) जिल्ला: ख) न पा/ गा पा: ग) वडा नं :

घ) टोल: ङ) मार्ग/ घर नं : च) फो.नं./ मोवाईल:

पत्राचार गर्ने ठेगाना: ईमेल:

बाबुको नाम:

बाजेको नाम:

जन्म मिति:

वि सं. (ई सं.)

हालको उमेर: बर्ष महिना

(२) शैक्षिक योग्यता (दरखास्त फारम भरेको पदको लागी चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता अनिवार्य)

| क्र सं | शैक्षिक योग्यता/ उपाधि | विश्वविद्यालय/बोर्ड | मूल बिषय | श्रेणी | प्राप्तांक प्रतिशत/ ग्रेड |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

नि.प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सौनी बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन। दरखास्त वुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिनेगरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुवाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारममा उल्लेखीत सबै शर्त तथा नियमहरु पालना गर्न मंजुर छु। साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु।

उम्मेदवारको ल्याप्चे सहीछाप: उम्मेदवारको दस्तखत:

| दायाँ | बायाँ |
|---|---|
| | |

मितिः

**<u>कार्यालयले भर्ने:</u>**

रसिद/भौचर नं. रोल नं

दरखास्त रुजु गर्नेको नाम र दस्तखत:

मितिः दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत:

दरखास्त अस्वीकृत भए सो को कारण:

मितिः

द्रष्टव्य: दरखास्त साथ सूचनामा उल्लेखित निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवारले आफै प्रमाणीत गरि पेश गर्नुपर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
(२) समकक्षता आवश्यक पर्ने भए सो को प्रतिलिपी,
(३) शैक्षिक योग्यताको प्रमाणपत्र,
(४) बिषयगत क्षेत्रका लागी आवश्यक पर्ने व्यावसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपी

नि.प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
टोली बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची १

**करार लिने कृषि स्नातक प्राविधिकको (कृषि विज्ञान तर्फ) कार्यविवरण**

**(दफा ६ (१) संग सम्वन्धित)**

१) स्थानीय तहको कृषि विकास सम्वन्धि गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको संचालन तथा सहजीकरण गर्ने।

२) स्थानीय तहमा बित्तिय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वयन तथा सहजिकरण गर्ने।

३) पालिका अन्तरगत संचालित कृषि कृषि कार्यक्रमहरुको मासिक, त्रैमासिक र बार्षिक प्रगतिहरु निर्धारित ढाँचामा तयार गरी सम्वन्धित निकायमा सम्प्रेषण गर्ने।

४) पालिकाको किसान सूचीकरण कार्य र कृषि तथ्यांक अध्यावधिक गर्ने।

५) बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरण सहितको पालिका स्तरिय कृषि प्रोफायल तयार गर्ने।

६) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

७) आकस्मीक बाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।

८) कृषि विमा र सहुलियत कृषि कर्जाका लागी सहजीकरण गर्ने।

९) संघ तथा प्रदेशका कृषि सम्वन्धि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने।

१०) अनुसन्धान पछि आयका नवीन प्रविधि अनुशरणका लागी पालिका कृषक समुदायमा प्रचार प्रसार गर्ने।

११) पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२) स्थानीय महत्वका वाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।

१३) कृषि सम्वन्धि न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।

१४) पालिकाले तोके वमोजिमको अन्य कार्यहरु गर्ने।

त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टोली, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

## करारमा लिने कृषि स्नातक प्राविधकको (पशु विज्ञान तर्फ) कार्य विवरण

## (दफा (१) संग सम्वन्धित)

१) पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने।

२) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमश: सुधार गराउने।

३) सम्वन्धित स्थानीय तहको पशुपन्छी तर्फको बार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति प्रेषण गर्ने।

४) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्यांक अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने।

५) स्थानीय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम संचालन र सहजीकरण गर्ने।

६) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तरगत संघवाट प्राप्त सम्पूर्ण खोपहरु सहित खोप कार्यक्रम नियमीत रुपमा संचालन गर्ने।

७) आकस्मिक रोगहरुको investigation गरी Real Time reporting गर्ने।

८) कृतिम गर्भाधानको सेवा टेवा दिने तथा सो सम्वन्धि विवरण अध्यावधिक गरी प्रगति प्रेषण गर्ने।

९) Livestock, Feed sources Mapping गर्ने।

१०) Animal Identification and registration कार्यमा सहयोग तथा सहजीकरण गर्ने।

११) ईपिडेमियोलोजिकल रिपोर्ट नियमीत रुपमा प्रदेश भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग इपिडेमियोलोजी शाखामा पम्प्रेषण गर्ने।

१२) राष्ट्रिय सूचिकृत रोगहरुको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने।

१३) रोग परिक्षण र निदानको लागी आवश्यक नमूना संकलन गरी प्रयोगशालामा परिक्षण गर्ने र थप परिक्षणको लागी नजिकको प्रयोगशालामा पठाउने।

१४) भ्याक्सीन भण्डारणको लागी कोल्ड चेन प्रणाली संचालन गर्ने र यसका लागी आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसंग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिष्टम विकास गर्ने।

१५) सूचीकृत रोग, सीमा विहिन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तत्कालीन सूचीकृत रोगहरु फैलिएको शंका लागेमा तुरुन्तै नमूना संकलन गरी निदानको लागि नजिकैको भेटेरीनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सो को जानकारी वा रिपोर्टीङ यथाशिघ्र सम्वन्धित निकाय (पशु सेवा विभाग, भेटेरीनरी इपिडेमियोलोजी शाखा) मा गर्ने।

नि.प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तोली बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

१६) जनस्वास्थ्यसंग समेवन्धित रोगहरु (नेपाल सरकारको राजपत्रमा प्रकाशीत भएका प्राथमीकतामा रहेका जुनोटिक रोगहरु) को जनस्वास्थ्यसंग सम्वन्धित निकायहरुसंग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण गर्ने।

१७) पालिकामा रहेका पशुपंछिपालक किसानका साथ साथै पशुपन्छि संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको संख्या अध्यावधिक गर्ने।

१८) पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरुको अभिलेख राख्ने र नियमीत बैठक गरी सोवाट उठेका विषय प्रदेशको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने ।

१९) रोग फैलिएको समयमा रोग नियन्त्रण सम्वन्धि सूचनामूलक सामग्री तयार गरी प्रकाशन, प्रशारण तथा स्थानीयस्तरमा जानकारी गराउने।

२०) पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागी पशु स्वास्थ्य प्रमाण पत्र जारी गर्नेऽ

२१) पशुपन्छी जन्य महामारी एवं प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा संघसंग समन्वय र सहकार्य गर्ने।

२२) पशुसेवा विभागवाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरु नियमीत रुपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमीत खोप लगाएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने।

२३) पालिकामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई वन्ध्याकरण तथा रेविज खोप लगाउने कार्य संचालन गर्ने।

२४) कुकुरको टोकाईवाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेबिज नियन्त्रण कार्य संचालन गर्ने।

२५) छाडा छोडिएका चौपायाको व्यवस्थापनमा स्थानीय संघ संस्थासंग समेत समन्वय गरी कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानीय स्तरमा प्रणाली विकास गर्ने।

२६) पशु कल्याण सुनिश्चितताको लागी आवश्यक कार्य गर्ने।

२७) आर्थिक दृष्टिकोणले महत्वपूर्ण रोगहरु ( राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमम समावेश गरिएका रोगहरु) को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरी नियमीत रुपमा भ्याक्सिनेसन गर्ने।

त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तोली, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत